बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति: २०७९/०३/०६

बीमा समिति
कानून तथा नियमन महाशाखा
परिपत्र नं. ०८।२०७८।७९

विषय: गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी परिपत्र ।

गाभ्ने, गाभिन (Merger) वा प्राप्ति (Acquisition) गर्न समेत आपसी सम्झौता (MOU) गरी सैद्धान्तिक सहमतिको लागि निवेदन गर्ने बीमकहरुलाई विद्यमान कम्पनी ऐन २०६३, बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ तथा धितोपत्र सम्बन्धी अन्य कानून समेतहरुका आधारमा सो प्रक्रिया शुरु भै सैद्धान्तिक सहमति प्राप्त भएका तथा सहमतिका लागि निवेदन गर्न इच्छुक बीमकहरुलाई उल्लिखित कम्पनी ऐन, धितोपत्र ऐन तथा समितिबाट जारी निर्देशिकाका अतिरिक्त थप व्यवस्थाका साथ यो परिपत्र जारी गरिएको छ ।

१. सर्वसाधारणमा शेयर जारी गरिसकेका वा गरिनसकेका इजाजतपत्र प्राप्त बीमकहरु समेत एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य मानिनेछन्। तर गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम हुने बीमकको कूल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जारी गर्ने व्यवस्था सम्बन्धित बीमकले मिलाउने।

२. बीमा समितिबाट तोकेको बीमा कोष र अनिवार्य जगेडा कोषको अनुपात पुगेका वा नपुगेका इजाजतपत्रप्राप्त बीमकहरु एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य हुनेछन्। तर उक्त बीमकहरु गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात बीमा कोष र अनिवार्य जगेडा कोषको अनुपात तोकिए बमोजिम कायम हुनु पर्ने ।

३. गाभ्न, गाभिन तथा प्राप्तिका लागि सैद्धान्तिक सहमति प्राप्त गरेका बीमकहरुले गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियालाई मनासीव कारण सहित बीमा समितिको स्वीकृति नलिई आफूखुशी भंग गरी त्यस्तो प्रक्रियाबाट अलग भएको निर्णय गर्न पाइने छैन।

४. सैद्धान्तिक सहमति प्राप्त गरेका बीमकहरुबाट गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियाबाट अलग हुन मनासीव माफिकको कारण खुलाई सञ्चालक समितिको निर्णय तथा संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिको सहमति सहित निवेदन पेश हुन आएमा बीमा समितिले सैद्धान्तिक सहमति रद्द गरिदिन सक्नेछ। तर सो बीमकहरुमध्ये केही बीमकहरु एक आपसमा गाभ्न गाभिन वा प्राप्ति

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

(एक्विजिशन) का लागि सहमत भएको अवस्थामा बीमा समितिले औचित्यता हेरी ती बीमकहरुको लागि मात्र सैद्धान्तिक सहमति कायम राख्न सक्नेछ ।

५. गाभ्ने, गाभिने (Merger) तथा प्राप्ति (Acquisition) कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका तयार गरी पेश गर्ने (समयबद्ध कार्य तालिकामा निम्नलिखित विषयवस्तु समावेश हुनुपर्नेछ।

क) बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ दफा ७ बमोजिम मूल्यांकनकर्ताको नियुक्ति मिति र विवरण।

ख) ऐ. बमोजिम मूल्यांकन प्रतिवेदन पेश गर्ने मिति।

ग) गाभ्ने र गाभिने बीमकहरुबाट संयुक्त मर्जर समिति (Joint Merger Committee) गठन गर्ने मिति र विवरण।

घ) ऐ. बमोजिम गठित संयुक्त मर्जर समितिको प्रतिवेदन पेश गर्ने मिति।

ङ) संयुक्त मर्जर समितिको प्रतिवेदन उपर संचालक समितिको निर्णय हुने मिति।

च) विशेष साधारण सभाको आयोजना हुने मिति।

छ) गाभ्ने र गाभिने सम्बन्धी बीमकहरु बीच अन्तिम सम्झौता सम्पन्न हुने मिति।

ज) कम्पनी रजिष्ट्रार कार्यालयमा गाभिए पछिको कम्पनीको प्रबन्धपत्र तथा नियमावली दर्ता तथा कम्पनी दर्ता प्रमाणपत्र प्राप्त गर्ने मिति।

झ) संयुक्त कारोबार सुरु गर्ने मिति।

६. गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने बीमकहरुको संयुक्त मर्जर समिति (Joint Merger Committee) गठन निम्न बमोजिम हुनु पर्ने ।

क) उक्त समितिमा गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका सञ्चालकहरु मध्येबाट कम्तीमा एकजना र बढीमा ३ जनासम्म सदस्य तोक्न सक्नेछ ।

तर गाभ्ने गाभिनेमा कार्यमा संस्थाका सञ्चालक समितिका अध्यक्ष वा लेखापरीक्षण समितिका संयोजक उक्त समितिको सदस्य हुन पाइने छैन।

ख) कुनै विज्ञ व्यक्तिलाई आवश्यकतानुसार राय सुझावको लागि उक्त समितिमा आमन्त्रित गर्न सकिनेछ ।

ग) सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेपछि संयुक्त मर्जर समितिले मूल्याङ्कन प्रतिवेदनमा सिफारिश गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई यथावत स्वीकार गर्न सकिनेछ ।



पो.ब.न.. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: wwwnib.gov.np, E-mail: info@nib.gov.np

तर व्यवसायको प्रतिष्ठा, कर्मचारीको योग्यता, बजार उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मूल्य लगायतका आधारमा संयुक्त मर्जर समितिले मूल्याङ्कनकर्ताले सिफारिश गरेको गाभ्ने गाभिने संस्थाहरुको शेयर स्वाप अनुपात (Share Swap Ratio) मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गरिएको समायोजित आधार नेटवर्थ बमोजिम संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) गणना गर्न सकिनेछ ।

घ) संयुक्त मर्जर समितिले शेयर स्वाप अनुपात सम्बन्धमा निर्णय लिंदा साना लगानीकर्ताहरुको हित (Minority Interest) लाई समेत मध्येनजर गर्नु पर्नेछ ।

७. सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यता, आधार, मापदण्ड प्रचलित बजार मुल्य (Fair market Value) मा गर्नु पर्नेछ । तर सम्पत्ति मूल्याङ्कन गर्दा ख्याति (Goodwill) लाई समावेश गर्न पाइने छैन ।

८. सम्पत्ति, कारोबार तथा मूल्यांकन प्रतिवेदनमा देहायको विषयमा विस्तुत विश्लेषण समावेश हुनुपर्ने :-

(क) पूँजी पर्याप्तता,

(ख) नेटवर्थ,

(ग) बीमालेख सम्बन्धी विवरण

(घ) बीमा दाबी भुक्तानी व्यवस्था तथा स्थिति

(ङ) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(च) तरलता विवरण,

(छ) जनशक्ति व्यवस्थापन,

(ज) सूचना प्रविधि,

(झ) व्यवसायको बजार अंश,

(ञ) शेयर स्वाप अनुपात (Share Swap Ratio),

(ट) शेयरको बजारमूल्य,

(ठ) शाखा सञ्जाल (Branch Network),

(ड) गाभ्ने गाभिनेमा संलग्न संस्थाको पछिल्लो पाँच आर्थिक वर्षको प्रमुख वित्तीय परिसूचकहरु र गाभिए पछिको पाँच बर्षको प्रक्षेपित वित्तीय कारोबार तथा स्थिति, र

(ढ) माथि उल्लेखित प्रभाव विश्लेषणको आधारमा सुधारका लागि अवलम्बन गर्नु पर्ने उपायहरु ।



पो.ब.न.. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: wwwnib.gov.np, E-mail: info@nib.gov.np

९. गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने संस्थाहरुले मूल्यांकन प्रतिवेदन प्राप्त भए पश्चात बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ मा दफा ८ मा उल्लेखित विवरण साथ थप देहायका विवरणहरु खुलाएर सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) गाभ्ने र गाभिने प्रक्रियामा संलग्न बीमकहरुको नाम, ठेगाना र कार्यक्षेत्र तथा गाभिए पछि रहने बीमकको नाम, ठेगाना र कार्यक्षेत्र,

(ख) गाभिएपछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन, स्वामित्व संरचना तथा गाभिए पछि कायम रहने बीमकको तत्काल गठन हुने सञ्चालक समितिको विवरण तथा व्यवस्थापन संरचना,

(ग) मूल्यांकन प्रतिवेदनमा सिफारिस गरिएको शेयर स्वाप अनुपात(Share Swap Ratio) र आपसी सहमतिमा तय गरिएको शेयर स्वाप अनुपात(Share Swap Ratio) तथा सोको आधारहरु,

(घ) बीमकको गुणात्मक सुधार, व्यवसाय प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता,

(ङ) प्रचलित कम्पनी तथा धितोपत्र विनियम बजारसंग सम्बन्धित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया

(च) उल्लेख स्वामित्व भएको शेयरधनी तथा अन्य शेयरधनीहरुको विवरण,

(छ) गाभिएपछि एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन सम्बन्धी व्यवस्था,

(ज) गाभिएपछि एकीकृत कारोबार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

१०. गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न बीमकहरुबीच तय भएको शेयर स्वाप अनुपात (Share Swap Ratio) बमोजिम सम्बन्धित सबै शेयरधनीहरुको शेयर लगत कायम गरि समितिलाई जानकारी पेश गर्ने।

(राजुरमण पौडेल)
कार्यकारी निर्देशक